प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र

☎: ०२३-४५२०५६, ४५२५४६
फ्याक्स नं.:०२३-४५२५४६
वेभसाईट:jhapa.akc.gov.np
Email: akcjhapa@gmail.com

सुचना नं. ०४/२०७९/८०

## प्रस्ताव आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/११/१२**

यस कृषि ज्ञान केन्द्र झापाको आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **"प्रदेश तथा स्थानिय तहमा सशर्त वित्तीय हस्तानतरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७९"**, वमोजिमका शर्तहरु पालना गरि तपशिलका कार्यक्रम कार्यान्वयनका लागि झापा जिल्ला अन्तर्गतका तपशिल अनुसारका स्थानीय तहका कृषि व्यवसायमा संलग्न ईच्छुक कृषक समुह/सहकारी संस्था/कृषि फर्म/उद्यमी कृषकहरु बाट दरखास्त आव्हानको लागि यो सुचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र (२०७९/११/२६ गते सम्म ) तोकिएको ढाँचामा कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नु हुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघि आएका प्रस्तावहरु दर्ता गरिने छैन ।थप जानकारीका लागि यस कार्यालयको फोन नं ०२३४५२०५६/०२३४५२५४६ मा कार्यालय समय भित्र सम्पर्क राख्नु हुन वा यस कार्यालयको वेभसाईट **jhapa.akc.gov.np** वाट कार्यक्रम कार्यान्वयन सम्बन्धी ऐन, नियमावली र मापदण्ड डाउनलोड गरि थप जानकारी लिन सक्नु हुनेछ ।

तपशिल

| क.सं. | कार्यक्रमको नाम | कार्यक्रम संचालन हुने स्थानीय तह | वाली | विनियोजित वजेट रु. लाखमा | कैफियत |
|---|---|---|---|---|---|
| १ | धान वाली प्रवर्द्धन कार्यक्रम | शिवसताक्षी नगरपालिका, कमल गाँउपालिका | धान वाली | ३०.८० | |
| २ | मकै वाली प्रवर्द्धन कार्यक्रम | झापा गाँउपालिका, बाह्रदशी गाँउपालिका | मकै वाली | २८.४० | |
| ३ | तेलहन वाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत प्रशोधन, ब्राण्डिङ्ग तथा वजारीकरण सहयोग | हल्दीवारी गाँउपालिका | तेलहन वाली | ३०.०० | |
| ४ | कृषि जैविक विविधता संरक्षण कार्यक्रम | शिवसताक्षी नगरपालिका | | १०.०० | |
| ५ | निजीस्तरमा मौरी श्रोत केन्द्र स्थापना | सबै स्थानीय तह | मौरी | १५.०० | |

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु

१. रु.१० को हुलाक टिकट टाँस गरि तोकिएको ढाँचा बमोजिमको आवेदन/प्रस्तावना ।

२. आवेदकले प्रति आवेदन रु २००/- राष्ट्रिय बाणिज्य बैंकको खाता नं. १०००१००२०१०१०००१, राजस्व शिर्षक नं १४२२९, कार्यालय कोड ३१२०११२०११ मा आबेदन दस्तुर वापत जम्मा गरि सोको सकल भैचर पेश गर्नु पर्नेछ ।

०७९/११/१२
सागर विष्ट
निमित्त प्रमुख

Scanned with CamScanner

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
प्रदेश नं. १, नेपाल

☎: ०२३-४५२०५६, ४५२५४६
फ्याक्स नं :०२३-४५२५४६
वेभसाईट:jhapa.akc.gov.np
Email: akcjhapa@gmail.com

सुचना नं. ०४/२०७९/८०

३. सम्वन्धित निकायमा कृषक समूह/कृषि सहकारी /निजी उद्यमी/ कम्पनी दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि।

४. समूह/संस्थाको PAN वा VAT प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र गत आ.व. २०७८/७९ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

५. कृषि सहकारी/ निजी उद्यमी/ कम्पनीको हकमा गत आ.व. २०७८/७९ को लेखा परिक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपी।

६. सम्बन्धित स्थानीय तहको कृषि विकास शाखाको सिफारिस ।

७. कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने जग्गा धनीपुर्जा र जग्गाधनीको नागरिकता वा भाडाको जग्गामा खेती भएमा कम्तीमा ५ वर्ष र स्थायी संरचनाको लागि कम्तीमा १० वर्षको सम्झौतानामा ।

८. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।

९. संस्थाको हकमा बैठकको निर्णयको प्रतिलिपि साथै कार्यक्रम कार्यान्वयन गर्न अख्तियारीको निर्णय ।

१०. आवेदकले दोहोरो पर्ने गरि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वः घोषणा पत्र ।

११. प्राबिधिक ज्ञान तथा अनुभव भए त्यसको प्रमाणको प्रतिलिपी ।

१२. कार्यक्रम अनुसारका ""प्रदेश तथा स्थानिय तहमा सशर्त वित्तीय हस्तानतरित कृषि विकास कार्यक्रम सञ्चालन सम्वन्धी कार्यविधि, २०७९"बमोजिम माग गरिएका आवश्यक कागजातहरु पुर्णता नभएमा प्रस्ताव स्वत रद्द हुनेछ ।

सामग्री निरिक्षण प्रमुख

Scanned with CamScanner